जलेश्वर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

जलेश्वर, महोत्तरी

मधेश प्रदेश, नेपाल

## सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक सूचना प्रकासित मिति २०८१/०७/१२ संसोधित )**

जलेश्वर नगरपालिकाको तेह्रो नगर सभाको निर्णय तथा कार्यपालिकाको मिति २०८१/०६/०२ गतेको निर्णय अनुसार जलेश्वर नगरपालिका अन्तर्गत संचालनमा रहेको विभिन्न कार्यक्रमहरुमा तथा नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरुमा प्राविधिक तथा अप्राविधिक कार्यको लागि तपसिल बमोजिमको पदहरुमा २०८२ आषाढ मसान्त सम्मको लागि सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम तोकिएको न्यूनतम शैक्षिक योग्यता पुगेको उम्मेदवारहरुवाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र (विदा दिन बाहेक) यस कार्यालयको राजश्व शाखावाट उपलब्ध दरखास्त आवेदन रितपूर्वक भरी राजश्व तिरेको रसिद सहित यस कार्यालयमा पेश गर्न हुन सम्बन्धित सवैको लागि यो सुचना प्रकाशित गरिएको छ ।

| विज्ञापन नं | पद | माग सख्या | कार्यक्षेत्र/ कार्यक्रम | आवश्यक न्यूनतम योग्यता र अनुभव |
|---|---|---|---|---|
| ६/०८१/०८२ | भेटेरिनरी डाक्टर/ अधिकृत छैठौं | १ (एक) | एक गाउँ एक भेटेरिनरी डाक्टर | पशुपन्छी विज्ञान तर्फ मान्यता प्रास शिक्षण संस्थावाट पशु चिकित्सा B.VSc.& A.H./B.V.Sc. वा सो सहरको स्नातक तह उत्तीर्ण गरेको र नेपाल पशुचिकित्सा परिषद् दर्तावाल पशु चिकित्सक । |
| ७/०८१/०८२ | जिल्ला कार्यक्रम संयोजक/ अधिकृत छैठौं | १ (एक) | सामी कार्यक्रम | मानविकी तथा सामाजिक संकाय, व्यवस्थापन, कानुन वा सम्बन्धितअन्य विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरि ५ वर्षको कार्य अनुभव, कम्तीमा २ बर्ष अधिकृत स्तरमा कार्य गरेको अनुभव भएको, सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको लाई प्राथमिकता दिईनेछ । कम्प्यूटर सम्बन्धी ६ महिने तालिम प्रास गरेको । |
| ८/०८१/०८२ | मनोसामाजिक परामर्शकर्ता/पाचौं | १ (एक) | सामी कार्यक्रम | मान्यता प्राप्त शैक्षिक संस्थाबाट हेल्थअसिस्टेन्ट, स्टाफ नर्स वा पब्लिकहेल्थ, मनोविज्ञान, समाजशास्त्र, सोसिएलवर्क, स्वास्थ्य शिक्षा बिषयमा स्नातक तह उतिर्ण गरेको वा पोष्टग्राजुएट डिप्लोमा इनकाउन्सेलिङ उत्तीर्ण गरेको वा कम्तीमा १०+२ वा प्रविणता प्रमाण पत्र तह उत्तीर्ण गरि मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम लिई सुरक्षित वैदेशिक रोजगारको क्षेत्रमा काम गरेको |
| ९/०८१/०८२ | वितिय साक्षरता/पाचौं | १ (एक) | सामी कार्यक्रम | मान्यता प्रास शैक्षिक संस्थाबाट कम्तीमा १०+२ वा प्रविणता प्रमाण पत्र तह उत्तीर्ण गरि वित्तीय साक्षरता वा प्रौढ शिक्षा वा अध्यापनमा २ वर्ष कार्य अनुभव र सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको लाई प्राथमिकता दिईनेछ । |
| १०/०८१/०८२ | आप्रवासी श्रोत केन्द्र परामर्शकर्ता/पाचौं | १ (एक) | सामी कार्यक्रम | मान्यता प्रास शैक्षिक संस्थाबाट कम्तीमा १०+२वा प्रविणता प्रमाण पत्र तह उत्तीर्ण गरि परामर्श कार्य वा सामाजिक परिचालनमा कम्तीमा ३ वर्षको कार्य अनुभव र सुरक्षित वैदेशिक रोजगार क्षेत्रमा काम गरेको । |
| ११/०८१/०८२ | रिर्टनी स्वयंसेवक | ६ (छ) | सामी कार्यक्रम | कक्षा १० उत्तीर्ण गरि वैदेशिक रोजगारका लागि मलेशिया वा खाडिमुलुकमा गई कम्तीमा १ वर्ष काम गरि फकिएको र सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको लाई प्राथमिकता दिईनेछ |
| १२/०८१/०८२ | अ.न.मी. | ३ (तिन) | परिवार कल्याण कार्यक्रम | मान्यता प्रास शिक्षण संस्थावाट अ.न.मी. कोर्ष गरेको । SBA तालिम प्रास गरेको लाई प्राथमिकता दिईनेछ |
| १३/०८१/०८२ | प्राविधिक सहायक/पाचौं | १ (एक) | प्रधानमन्त्री रोजगार कार्यक्रम | मान्यता प्रास शिक्षण संस्थावाट सिभिल ईन्जिनियरमा प्रविणता प्रमाणपत्र तह उतीर्ण गरेको र कम्प्यूटर सम्बन्धी ३ महिने तालिम प्रास गरेको । |
| १४/०८१/०८२ | वन प्राविधिक/अधिकृत छैठौं | १ (एक) | समृद्धीको लागि वन | मान्यता प्रास शिक्षण संस्थावाट वन विज्ञान विषयमा प्रविणता प्रमाणपत्र तह उर्तीण गरी कम्तीमा ३ वर्ष काम गरेको अनुभव वा वन विज्ञान विषयमा स्नातक तह उत्तीर्ण गरेको । |
| १५/०८१/०८२ | सहायक कम्प्यूटर अपरेटर | ५ (पाच) | नगरपालिका | मान्यता प्रास शिक्षण संस्थावाट एस.एल.सी. उर्तीण गरी न्यूनतम ६ महिनाको कम्प्यूटर सम्बन्धी तालिम प्रास गरेको । |
| १६/०८१/०८१ | कार्यालय सहयोगी | ५ (पाच) | नगरपालिका | साधारण लेखपढ गर्न जानेको । |
| १७/०८१/०८२ | चालक (हेभी गाडी) | १ (एक) | नगरपालिका | साधारण लेखपढ गर्न जानेको र हेभी गाडीको लाईसेन्स प्रास गरेको तथा न्यूनतम ६ महिना गाडी चलाएको अनुभव भएको । |
| १८/०८१/०८२ | चालक | १ (एक) | नगरपालिका | साधारण लेखपढ गर्न जानेको र लाईट गाडीको लाईसेन्स प्रास गरेको तथा न्यूनतम ६ महिना गाडी चलाएको अनुभव भएको । |
| १९/०८१/०८२ | नगर प्रहरी प्रहरी सहायक स्तर पाचौं | १ (एक) | नगरपालिका | मान्यता प्रास शिक्षण संस्थावाट प्रविणता प्रमाणपत्र तह उर्तीण गरी सो विषयमा तालिम प्रास गरेको । |
| २०/०८१/०८२ | नगर प्रहरी जवान | १० (दस) | नगरपालिका | साधारण लेखपढ गर्न जानेको र तालिम प्रास गरेको । (पूरुष ७ जना र महिला ३ जना) |

**१. उमेर :-** सहायक तहमा पूरुषको हकमा १८ वर्ष पुरा भई ३५ वर्ष र महिलाको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
अधिकृत तहमा पूरुषको २१ वर्ष पुरा भई ३५ वर्ष र महिलाको हकमा २१ वर्ष पुरा भई ४० व्रर्ष ननाघेको ।
ईन्जिनियरिंग सेवा, कृषि तथा पशु सेवा, वन सेवा र स्वास्थ्य सेवा तथा नगर प्रहरीको हकमा ४० वर्ष ननाघेको ।

**३. दरखास्त दिने स्थान** :- जलेश्वर नगरपालिका नगरकार्यपालिकाको कार्यालय ।

**४. दरखास्त दिने अन्तिम मिति** :- २०८१/०८/०४ गते सम्म कार्यालय समय भित्र ।

**५. आवेदन दस्तुर** :- प्रत्येक विज्ञापनको लागि अधिकृत तहमा रु. ५००।-, सहायक पाचौं तहमा रु. ४००।-, सहायक चौथों तहमा रु. ३००।- र अन्य/श्रेणीविहीन तहमा रु. २००।- ।

**६. छनौटको किसिम** :- सर्टलिष्ट, लिखित, अन्तर्वार्ता तथा प्रयोगात्मक परीक्षा (सम्बन्धित पदको आवश्यकता अनुसार) ।

**७. आवेदन साथ संलग्न कागजातहरु** :- आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु :

- नागरिकता प्रमाण पत्र र न्युनतम योग्यताको लब्धांक प्रमाणपत्र तथा चारित्रिक प्रमाण पत्र ।
- अनुभव खुल्ने कागजात र तालिम सम्बन्धि प्रमाणपत्र तथा २ प्रति पासपोर्ट आकारको फोटो ।

**८. सेवा सुविधा -** नगरपालिकाको निर्णय अनुसार करार सम्झौता बमोजिम हुनेछ ।

**प्रमुख प्रशासकिय अधिकृत**

प्रमुख प्रसाशकिय अधिकृत